म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


हेटौंडा, मकवानपुर
म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २८७ २०८१ भदौ २४ गते सोमबार 9 September 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-




## बागमती सरकारलाई घाँडो भयो 'दुग्ध पाउडर प्लाण्ट'



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले महत्वपूर्ण आयोजनाको रुपमा निर्माण गरेको हेटौंडाको दुग्ध पाउडर प्लाण्ट आफैंलाई घाँडो भएको छ । कृषि क्षेत्रको विकास र पशुपालक कृषकको आर्थिक उपार्जनमा जोड्ने गरी निर्माण गरिएको उक्त आयोजना सञ्चालन गर्न नसक्दा सरकारलाई घाँडो बनेको हो ।

प्रदेश सरकारको लगानीमा हेटौंडामा निर्माण गरेको पाउडर प्लाण्ट (धुलो दूध) उत्पादन उद्योग सञ्चालन मोडलविहीन हुँदा समस्या भएको हो । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्डले स्थापना गरेको पाउडर प्लाण्ट सञ्चालन मोडलका विषयमा कुनै योजना तयार गर्न सकिएको छैन ।

मन्त्रालय र बोर्डले ठोस योजनासहित उद्योग सञ्चालनको मोडल तयार गर्ने विषयमा निर्णय गर्न नसक्दा प्रदेश सरकारको करिब ५० करोड रुपैयाँ लगानी अलपत्र अवस्थामा रहेको छ। उद्योगका लागि आवश्यक जनशक्ति, लागत रकम, सञ्चालनको मोडल, कच्चापदार्थ लगागतका विषयमा मन्त्रालय र बोर्डमा अन्योलता देखिएको छ ।

मन्त्रालयका सचिव विनोदकुमार भट्टराईका अनुसार हालसम्म उद्योग सञ्चालनका विषयमा कुनै योजना तयार भएको छैन। उद्योग सञ्चालनका विषयमा विभिन्न समयमा छलफल भएपनि ठोस निर्णय भने हुन नसकेको उहाँले बताउनुभयो । सरकारले नै उद्योग सञ्चालनको विषय निकै जटिल भएको उहाँले बताउनुभयो। उद्योग सञ्चालनको मोडालिटी निर्धारणका विषयमा समस्या भएको उहाँको भनाइ छ ।

विभिन्न चरणको छलफलमा पीपीपी मोडलमा सञ्चालन गर्ने विषय उठेपनि सम्भावना नरहेको उहाँले बताउनुभयो । सरकार, सहकारी र निजी क्षेत्रको सम्मिलित मोडलबाट उद्योग सञ्चालन गर्न निकै कठिन रहेकाले सो विषयमा छलफल अघि बढ्न नसकेको उहाँले बताउनुभयो ।

'मन्त्रालय उद्योग सञ्चालनको विषयमा गम्भिर छ । तर, मोडालिटी तयार हुन सकेको छैन', सचिव भट्टराईले भन्नुभयो- 'हामीले विभिन्न चरणमा छलफल पनि गरेका छौं। तर, ठोस निर्णय भएको छैन ।' पीपीपी मोडलमा उद्योग सञ्चालन गर्न सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो।

सरकार र सहकारी (समुदाय) स्वभाविकरुपमा समन्वय गर्न सकिने भन्दै निजी क्षेत्रलाई सरकारी उद्योग सञ्चालनको पार्टनर बनाउन नसकिने सचिव भट्टराईले दावी गर्नुभयो। 'निजी क्षेत्रलाई लगानीबिना उद्योग सञ्चालन गर्न दिनसक्ने अवस्था छैन', उहाँले भन्नुभयो- 'तर, पोल्टिकलरुपमा दवाव आएमा त्यो सरकारको विषय हुनेछ ।'

### डीडीसीसँग प्रस्ताव माग

पाउडर प्लाण्ट सञ्चालनको जिम्मा दुग्ध विकास संस्थान (डीडीसी) लाई दिने गरी छलफल भएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव भट्टराईले बताउनुभयो । मन्त्रालयले उद्योग सञ्चालनको स्थायी प्रबन्ध नभएसम्म डीडीसीलाई जिम्मा लगाउने तयारी गरेको उहाँले बताउनुभयो ।

सचिव भट्टराईका अनुसार उद्योग नियमित सञ्चालन नगरे उपकरणहरु बिग्रन सक्ने भन्दै दिर्घकालीन योजना नबन्दासम्म डीडीसीलाई सञ्चालनको जिम्मा दिन लागिएको हो । उक्त योजना अनुसार डीडीसीसँग सञ्चालन कार्ययोजना माग गरिएको उहाँले बताउनुभयो। २०८१ भदौ ६ मा प्रदेश दुग्ध विकास बोर्डका अध्यक्षसमेत रहेका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले डीडीसीसँग उक्त पाउडर प्लाण्ट सञ्चालन कार्ययोजना माग्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

डीडीसीको प्रस्तावका आधारमा बोर्डले निर्णय गर्ने र मन्त्रालयले सो विषयलाई क्याबिनेटमा पठाउने उहाँले बताउनुभयो। उद्योग सञ्चालनको मोडल तयार गरी मन्त्रालयमा पेश गर्नुपर्ने र सोपश्चात् प्रस्ताव तयार पारेर मन्त्रिपरिषद्मा पठाउनुपर्ने प्रक्रिया रहेको उहाँले बताउनुभयो । मन्त्रिपरिषद्बाट निर्णय गराएरमात्र उद्योग सञ्चालन हुने उहाँको भनाइ छ । डीडीसीले उद्योग सञ्चालन गरिरहेको समयमा सो समयको लागत खर्च, मर्मत तथा अन्य कार्यको जिम्मेवारी र उत्पादित पदार्थको राजस्व निर्धारण गरेर अघि बढ्ने उहाँले बताउनुभयो ।

डीडीसीले हेटौंडा-१० मा निर्माण गरिएको धुलो दूध कारखाना (पाउडर प्लान्ट)को एक वर्षयता परीक्षणको रुपमा सञ्चालन गर्दै आएको छ । २०८० मंसिरमा निर्माण सम्पन्न भई परीक्षण उत्पादन सफल भएपनि मन्त्रालयसँग कारखाना सञ्चालन कार्ययोजना नहुँदा मंसिर १४ बाट डीडीसीले परीक्षणका रुपमा सञ्चालन गर्दैआएको छ ।

### कर्मचारीलाई जोगिनै सकस

प्रदेश सरकारले २०७७ मा औपचारिक आयोजनाको विस्तृत अध्ययन नै नगरी निर्माण गरेको सो उद्योग अत्यन्त पेचिलो विषय बनेको छ । उक्त आयोजनाको विषयमा मन्त्रालय र बोर्डका कुनै पनि कर्मचारी बोल्न तथा निर्णायक भूमिकामा रहन चाहँदैनन् ।

अत्यन्त पेचिलो विषय भएकाले सो आयोजनाको प्रक्रियागत काम अघि बढाउनसमेत कर्मचारीहरु अनाकानी गर्ने गर्दछन् । कुनबेला फसिने हो भन्ने टुङ्गो नभएकाले मन्त्रालयका कर्मचारी सो आयोजनाबाट टाढा नै रहन चाहन्छन् ।

मन्त्रालयका एक कर्मचारीका अनुसार सो आयोजनाको काममा कोही पर्नै चाहँदैन । उक्त विषयमा कर्मचारी आफैं जोखिममा रहेर काम गर्ने अवस्था नरहेको उहाँले बताउनुभयो । प्रक्रियागत रुपमा जिम्मेवारी आएका कामका विषयमा पनि कर्मचारीहरुले अघि बढाउन सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो । सो विषयको सबै निर्णयहरु मन्त्री र मन्त्रालयका सचिवले नै गर्ने गरेको उहाँको भनाइ छ ।

यता, मन्त्रालयका सचिव भट्टराईका अनुसार सो आयोजना सञ्चालनको विषय निकै संवेदनशील रहेको छ। कर्मचारीहरुले पनि जोगिएर काम गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। सञ्चालन मोडालिटी छलफलका क्रममा आएका विषयहरुलाई समेत सम्बोधन गर्नुपर्ने अवस्थामा थप जटिल रहेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले ३ वर्ष लगाएर हेटौंडा-१०, न्यूरेनीस्थित सिसौघारीमा पाउडर प्लाण्ट उद्योग निर्माण गरेको थियो। दुग्ध उत्पादक कृषकहरुले उत्पादन गरेको दूधलाई खेर जान नदिन र 'मिल्क होलिडे' गर्नुपर्ने बाध्यता हटाउने उद्देश्यले प्लान्ट स्थापना गरिएको थियो । उद्योग सञ्चालनमा आएपछि कृषकहरुबाट दूध संकलन गरी प्रशोधन गरेर पाउडर दूधसँगै घिउ तथा अन्य दुग्धजन्य पदार्थ उत्पादन गर्ने योजना रहेको छ ।

एक वर्षमा निर्माण कार्य सक्ने गरी काम सुरु गरिए पनि निर्माण कम्पनीको ढिलासुस्ती र कोरोना महामारीका कारण उद्योगको भौतिक संरचना निर्माणको काम निर्धारित समयभन्दा २ वर्ष बढी समय लागेको थियो । उद्योग स्थापनाको लागि प्रदेश सरकारले ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । ढिलासुस्ती र केही नयाँ संरचना निर्माण गर्नुपर्ने भएकाले उद्योगको लागत बढेर ४७ करोड रुपैयाँ पुगेको थियो ।

उद्योग निर्माणका लागि २०७७ पुस १ गते इजी इन्फा प्रालि काठमाडौंले निर्माण सम्झौता गरी निर्माणको शिलान्यास गरिएको उक्त उद्योग दूग्ध विकास संस्थानको पशुआहार उत्पादन उद्योगको २ बिगाहा क्षेत्रफल जग्गामा निर्माण गरिएको छ । उद्योग सञ्चालन भएसँगै कृषकहरुबाट दैनिक ६० हजार लिटर दूध खरिद गर्ने लक्ष्य रहेको छ ।

कृषकले उत्पादन गरेको दूधबाट दैनिक ५ मेट्रिक टन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य मन्त्रालयको रहेको छ। मन्त्रालयका अनुसार उद्योग सञ्चालन भएपछि प्रत्यक्ष तथा अप्रत्यक्ष गरी ८० जनाले रोजगारी पाउने बताइएको छ ।

## साक्षरता दिवसमा अस्पताललाई पुस्तक हस्तान्तरण

समाज संवाददाता

हेटौँडाः अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा आइतबार हेटौँडा अस्पताललाई पुस्तक हस्तान्तरण गरिएको छ । भर्ना भएर उपचाररत विरामी र तिनका कुरुवालाई अध्ययनको अवसर रहोस् भनी समृद्ध समाज दैनिक र सचेत नागरिक युवा समूहले संयुक्तरुपमा हेटौँडा अस्पताललाई ८० थान पुस्तक हस्तान्तरण गरिएको हो ।



*हेटौँडा अस्पतालको हाडजोर्नी वार्डका लागि पुस्तक हस्तान्तरण गर्नुहुँदै सचेत नागरिक युवा समूहका अध्यक्ष शिवनारायण श्रेष्ठ ।*

हेटौँडा अस्पतालको साधारण वार्ड र हाडजोर्नी वार्डमा २०/२० थान तथा बालबालिका वार्डमा ८० थान पुस्तक हस्तान्तरण गरिएको छ । समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठ, सचेत नागरिक युवा समूहका अध्यक्ष शिवनारायण श्रेष्ठसहितको समूहले हेटौँडा अस्पतालका निर्देशक प्राध्यापक डा. धिरेन्द्र गिरी, अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यद्वय उत्सव राज चौलागाई र हीरा वाईबाको उपस्थितिमा तीनवटै वार्डमा पुस्तक हस्तान्तरण गरेको हो ।

यसअघि पनि समृद्ध समाज दैनिकको वार्षिकोत्सवको अवसरमा हेटौँडा अस्पतालको तीनवटै वार्डका लागि पुस्तक हस्तान्तरण गरिएको थियो । पठन संस्कृतिको विकास गर्न र हेटौँडा अस्पतालमा उपचाररत विरामी र तिनका कुरुवाले पुस्तक अध्ययन गरेर सकारात्मक मनस्थिति विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले बताउनुभएको छ।

## साहित्यकार रिजाललाई राष्ट्रिय सम्मान

समाज संवाददाता

हेटौँडाः मकवानपुरका अग्रज साहित्यकार आरसी रिजाल 'फित्कौली हास्यव्यङ्ग्य राष्ट्रिय सम्मान-२०८१' बाट सम्मानित हुनु भएको छ । फित्कौली अनलाइन मिडियाले साहित्यकार रिजाललाई शनिबार काठमाडौंमा एक कार्यक्रम बीच सम्मान गरेको हो । नगद २० हजार एक सय पाँच रुपैयाँ नगदसहित रिजाललाई सम्मान गरिएको हो ।



*आरसी रिजाललाई सम्मान गरिँदै ।*

साहित्य संगम मकवानपुर तथा सिस्नुपानी नेपाल मकवानपुरका पूर्वअध्यक्ष रिजाल पछिल्लो समय बुढ्यौली साहित्यको प्रवर्द्धनमा व्यस्त हुनुहुन्छ । चार दशकदेखि हास्यव्यङ्ग्य लेखनमा क्रियाशील साहित्यकार रिजाल बुढ्यौली साहित्य समाज मकवानपुरका अध्यक्ष हुनुहुन्छ ।

फित्कौली अनलाइन मिडियाले हरेक वर्ष समर्पण गरिने विभिन्न सम्मान एवम् पुरस्कारहरू मकवानपुरका रिजालसहित पाँच जना सम्मानित हुनुभएको छ । रिजालसँगै सिन्धुलीका महेश थापा, गोरखाका सुभाषचन्द्र देवकोटा, सिन्धुपाल्चोकका देवीप्रसाद चापागाई र इलामका दीनानाथ पोखेललाई सम्मान गरिएको छ ।

फित्कौली डटकमका प्रधान सम्पादक नरनाथ लुइँटेलको सभाध्यक्षता र प्रा.डा गोविन्दराज भट्टराईको प्रमुख आतिथ्यमा पुरस्कार समर्पण समारोह भएको हो । कार्यक्रममा वर्षभर फित्कौलीमा प्रकाशित कार्टुनिस्ट राजेश मानन्धरका कार्टुनहरू मध्ये सयवटा उत्कृष्ट कार्टुनहरूको प्रदर्शनी समेत गरिएको थियो ।

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...



'असोज २ गतेबाट सेवा शुभारम्भ
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक
हाम्रो सुमो सेवा
हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

हेटौंडा, मकवानपुर

# संघ र प्रदेशबीच समन्वय

मुलुकमा संघीयता लागू भएर प्रदेश संरचना बनेको ७ वर्ष पुग्न लाग्दासमेत प्रदेश सरकारले अपेक्षित काम गर्न सकेको छैन । व्यवस्था परिवर्तन भए पनि कार्यशैली र संस्कार परिवर्तन नहुँदा सरकारको काममा प्रभावकारिता नदेखिएको हो । ७ वर्षको अवधिभित्र बागमती प्रदेशमा ५ जना मुख्यमन्त्रीले सरकारको नेतृत्व गरेको भए पनि प्रदेश सरकारले अपेक्षाअनुरुप काम गर्न सकेको छैन । संविधानले प्रदेशको अधिकार र जिम्मेवारीलाई स्पष्टरुपमा व्यवस्था गरे पनि संघ तथा प्रदेश सरकारबीच आपसी तालमेल र समन्वय नहुँदा प्रदेश सरकार निरिहजस्तै बनिरहेको छ । प्रदेश सरकारलाई आवश्यक कानुन निर्माण गर्न तथा कतिपय संरचना बनाउन संघले चासो नदिँदा प्रदेश सरकारले अपेक्षित कार्य गर्न नसकेको हो । राजनीतिक नेतृत्व तथा कर्मचारीहरुमा देखिएको परम्परागत सोच र शैलीमा परिवर्तन नभएसम्म सरकारको काम प्रभावकारी बन्न सक्ने सम्भावना न्यून छ ।

बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले वन व्यवस्थापन सम्बन्धी प्रभावकारी काम गर्न नसक्नुमा संघीय सरकारलाई दोष लगाएको छ । प्रदेश सरकारले वन व्यवस्थापनका लागि वन ऐन निर्माण गरे पनि संघीय सरकारले बनाएको ऐनसँग कतिपय प्रावधान बाझिएकाले कार्यान्वयनमा आउन सकेको छैन । प्रदेश सरकारले प्रदेशभित्रको वन व्यवस्थापनका लागि २०७६ मा प्रदेश राष्ट्रिय वन ऐन बनाए पनि हालसम्म कार्यान्वयनमा आउन नसकेको हो । संघीय सरकारले दिगो वन व्यवस्थापन रणनीति निर्माण नगर्दा प्रदेश सरकारले बनाएको उक्त ऐन कार्यान्वयनमा आउन नसकेको मन्त्रालयको भनाइ छ । बागमती प्रदेशले ऐन बनाइसकेपछि संघीय सरकारले राष्ट्रिय वन ऐन जारी गरेकाले थुप्रै प्रावधानहरु बाझिएका छन् । प्रदेशको ऐनका प्रवधानहरु संघीय ऐनसँग बाझिँदा कार्यान्वयनमा आउन सकेको छैन । प्रदेश सरकारले संघीय ऐनसँग बाझिएका प्रावधान संशोधन गर्न नसक्दा पनि ऐन कार्यान्वयनमा समस्या बनिरहेको छ । प्रदेश सरकारले वन ऐन निर्माण गरेसँगै प्रदेश वन नियमावलीसमेत ड्राफ्ट गरिसकेको भए पनि ऐन नै कार्यान्वयनमा बाधा देखिएपछि नियमावली निर्माणमा सरकार मौन देखिएको छ ।


संविधानकने एकल अधिकार सूचीमा प्रदेशभित्रका राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनका लागि प्रदेशले ऐन बनाएको थियो । संविधानले एकल अधिकार दिए पनि प्रदेशले बनाएको ऐन संघीय ऐनसँग बाझिएकाले वन व्यवस्थापन र राजस्व संकलनको काम अघि बढाउन सकेको छैन । बागमती प्रदेशसभाको संसदीय समितिले प्रदेश राष्ट्रिय वन ऐन संशोधन गर्न निर्देशन दिए पनि सरकार उदासिन बनिरहको छ । प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समितिले तत्काल संघीय सरकारले जारी गरेको ऐनसँग अनुकूल हुने गरी प्रदेशको ऐनको संशोधन विधेयक तयार पारेर प्रदेशसभामा पेश गर्न निर्देशन दिए पनि सरकारले विधेयक पेश गरेको छैन । कानुनी अप्ठेराका विषयहरु समाधान गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरेर अघि बढ्न समितिले सुझाव दिए पनि सरकारले खासै चासो दिएको देखिँदैन ।

संघीय सरकारले समयमै आवश्यक कानुन निर्माण तथा संशोधन नगर्दा प्रदेश सरकारले पनि ऐन निर्माण गर्न सकेको छैन । संविधानअनुकूल हुनेगरी संघीय सरकारले ऐन बनाउनुपर्ने हुन्छ । संघीय ऐनसँग नबाझिने गरी प्रदेशले ऐन बनाउनुपर्ने भए पनि संघीय सरकारले समयमै ऐन नबनाउँदा प्रदेश सरकार अलमलमा परिरहेको छ । संघीय सरकारले प्रदेशका लागि आवश्यक ऐन निर्माणमा ढिला गर्दा प्रदेश सरकार र संघीयताप्रति नागरिकले प्रश्न उठाउन थालिसकेका छन् । संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारबीच समन्वय, सहयोग र सहकार्यबिना संघीयताको औचित्य पुष्टि हुन सक्दैन । प्रदेश सरकारले भोग्नुपरेको समस्या समाधानमा संघीय सरकारको ध्यानाकर्षण गराउँदै आवश्यक समन्वय गर्न सकेमा दुबै सरकारको काम कारबाही सहज बन्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**वृष** : बलबुताले कार्य सम्पादन हुने समय योग छ ।
**मिथुन** : घमण्डका कारण समस्याहरु आइपर्ने समय योग छ ।
**कर्कट** : मानसिक अल्झनले तनाव बढ्न सक्ने योग छ ।
**सिंह** : घरायसी समस्या बढ्न सक्ने योग छ ।
**कन्या** : व्यापार–व्यवसायमा बढोत्तरी हुने समय छ ।
**तुला** : माङ्गलिक कृत्यमा सरिक भइने समय योग छ ।
**वृश्चिक** : व्यस्तता र दौडधूपमा समय व्यतित होला ।
**धनु** : आशीर्वादले काममा पूर्णता र दक्षता प्राप्त होला ।
**मकर** : कर्तव्य प्रति सचेत भइने समय योग रहेको छ ।
**कुम्भ** : स्वास्थ्य समस्या क्रमशः समाधान हुने योग छ ।
**मीन** : अनावश्यक भय त्रास जम्मा हुन सक्ने योग देखिन्छ ।

# "दारी अर्थशास्त्र"

## सरकारमा कम्युनिष्ट पुग्दा पनि काम खोज्न विदेशतिर जानुपर्ने युवाहरूको सङ्ख्या झन्-झन् बढ्दैछ र भोक मार्नका लागि च्याउ खाएर मर्नुपर्ने अवस्था अझै विद्यमान छ । किनकी यी सबै दारी कम्प्युनिष्टहरू रहेछन् ।



ऋषिराम पोखरेल, "बकिम्हे"

जुनसुकै ठाउँमा उम्रिएको केशले दारी बन्दैन । यसले अनुहारको खास ठाउँमा उम्रिनुपर्छ । जातकको गाला, चिउँडो र त्यसभन्दा तल उम्रिएको केशले देखाएको सामुहिक उपस्थिति र बनाएको भौतिक संरचनालाई दारी भनिन्छ । 'अर्थ' भनेको धन-पूँजी, समय र श्रम लगाएर वा संयोगले, घुसले लुटपाटले वा उत्तराधिकारले कसैको हातमा पर्ने बहुमूल्य वस्तु हो । शास्त्र भनेको कूनै पनि वस्तु वा विषयको गहन, व्यवस्थित र वैज्ञानिक अध्ययन हो । तसर्थ अर्थशास्त्र भनेको धन कसरी उत्पति हुन्छ ? कसरी मान्छेको हातमा पर्छ ? कसरी उसको हात्तमा टिक्छ ? कसरी उसको हातबाट बाहिरिन्छ ? त्यसको विस्तृत र व्यवस्थित अध्ययन हो ।

दारी कसरी अर्थशास्त्रसँग जोडिन्छ ? धेरैलाई अचम्म लाग्न सक्छ तर यसमा अचम्म मान्नुपर्ने कूनै कारण छैन । अहिले सुन्दरतालाई हेर्ने मानिसका आँखा बदलिएका छन् । मनभित्र छिरेर आँखाले यसको सुन्दरतालाई हेर्दैन । अहिले यसले अनुहारलाई मात्रै हेर्छ । त्यसैले यसलाई सजाउन उसले गर्न हुने र नहुने सबै क्रम-उपक्रम तथा साधन, प्रसाधन प्रयोगमा ल्याउँछ । उसले पैसाको मुख हेर्दैन जति पनि खर्च गर्छ । महारथीहरुको अन्धानुकरण गर्ने युवाहरुको स्वभाव हुन्छ । त्यसैले कुनै न कुनै विधाका महारथी जस्तो देखिन खोज्ने मनको भूतले उनीहरुलाई अनेकौं पटक दारीकर्मी कहाँ पुऱ्याउँछ । दारीको बान्की मिलाएर अनुहारको सजावटलाई सेलिब्रेटी अनुकूल आमुल परिवर्तन गर्न उनीहरुमा अत्यन्त हतारो हुन्छ । अहिलेको आँखाले अनुहारलाई मात्रै प्राथमिकतामा राख्छ । यसमा खर्च गर्ने उनीहरूको आँट पनि धेरै बढेको छ । त्यसैले दारीकर्मले एउटा ठुलो व्यवसायको रुप लिएको छ । उसै त बेरोजगारी दिन दुई गुना र रात चौगुनाको दरले बढ्दैछ । त्यसमाथि दारी पनि झिकिदिने हो भने शास्त्रबाट अर्थ हराएर देशको अर्थतन्त्र नै डामाडोल हुन्छ । त्यसैले दारी पनि अर्थशास्त्रको एउटा बलियो अङ्ग बनेको छ ।

कुनै बेला दारी कपाल खौरिनलाई बाउ आमा नै मर्नुपर्थ्यो । किनकी ब्रतबन्धे बटुकको त्यसबेला दारी उम्रिसकेको हुन्नथ्यो । श्राद्ध गर्ने कर्ताले दारी कपाल कटाइलाई अहिले अनिवार्यताबाट हटाएर ईच्छाधिन बनाइसकेका छन् । अहिले मानिसलाई कि इच्छा जाग्नुपर्छ कि बाध्यता पर्नुपर्छ । मानिस जुनसुकै बेला पनि दारी-कपाल मुण्डन गर्न तयार हुन्छ । फुल्न थालेपछि दारी नकाटी हुन्न । किन कि यसले अनुहारमा ओगटेको मैदान बेपत्तै चिलाउँछ । त्यसैले यसलाई समय समयमा फाँड्नुपर्छ । एक दुई वटा फूलेका दारीमात्रै देखियो भने पनि उमेरको पोल खुल्छ । आफूलाई हेर्ने लोभी आँखाहरू घट्छन् । झुक्याएर बनाएका लभरहरू पनि तरक्क तर्किन्छ । हुन त फुलेको रौंलाई ध्वाँसो-मोसो गरेर काम चलाए पनि हुन्छ । तर के गर्नु ? टुप्पा कालो भए पनि एकआधा दिनमै फेद सेताम्य भइहाल्छ । त्यसले पनि पोल खोलिदिन्छ । त्यसैले रङ्गाई भन्दा फँडानी नै उत्तम ठानेर तनबुढा भए पनि मनबुढा नभएकाहरू केशकर्मी खोज्दै शैलुनतिर हानिन्छन् ।

पाको देखिने रहरमा युवाहरूले पनि अनुहारको धेरैजसो भाग दारीलाई छोडिदिन थालेका छन् । तर यसलाई समय समयमा छाँटकाँट नगरे मुखभित्र हालेको गाँस नाकभित्र पस्न बेर लाग्दैन । अहिले दूषित खाद्य पदार्थले गर्दा युवा अवस्थामा नै दारीका रौं फुल्न थालेका छन् । त्यसलाई रङ्ग-रोगन डेन्टिङ-पेन्टिङ गर्न पनि केशकर्मी नभई हुन्न । केटाहरू पनि हुर्किएको देखिने रहरले गर्दा दारी चाँडै झाङ्गियोस् भनेर बाउको ब्लेड गालामा कुदाउँछन् । त्यसैले दारी एक दारीकर्म अनेक बन्न पुगेको छ । यसलाई पाल्न, फाल्न, कत्रिन, बटार्न, बङ्गाउन विभिन्न बान्की पार्न आदि सबै कामका लागि केशकर्मीको आवश्यकता बढेको छ । कपालले मात्रै केशकर्मीलाई पर्याप्त काम दिँदैन । दारी पनि चाहिन्छ ।

'आज काट्यो भोलि बढ्छ, भोलि काट्यो पर्सी । काट्ने बढ्ने काम चलिरहन्छ । कयौं छुरा, ब्लेडहरु भुत्ते हुन्छन् । दारी बढिरहन्छ, बढिरहन्छ ।' कविता नै छ । त्यसैले केशकर्मीका हजारौं पसलहरू खुलेका छन् । कोठाहरू बहालमा लागेका छन् । लाखौंले रोजगारी पाएका छन् । उनीहरूको कमाईले लाखौंको पेट भरिएको छ । लाखौं केटाकेटीले स्कुल देखेका छन् । तथाकथित निःशुल्क तथा सस्ता सरकारी स्कुलदेखि लिएर महंगा बोर्डिङ स्कुलले समेत विद्यार्थी पाएका छन् । लाखौं छुरा कैंची भुत्ते हुन्छन् । धार लगाउने मानिसले काम पाएका छन् । ब्लेडका कारखाना र रङ्ग उद्योगले दिएको रोजगारी र तिरेको कर कति छन् कति । दारीलाई अर्थशास्त्रबाट झिक्यो भने अर्थतन्त्र कहाँ पुग्छ ठेगान हुँदैन ।

पहिला जोगी हुन सजिलो थिएन । मानिसले काम, क्रोध, मोह, मद तथा मात्सर्यलाई मनभित्रबाट निकाल्नु पर्थ्यो । आफ्ना सबैथोक त्यागेर सत्यलाई आफ्नो र असत्यलाई पराई ठान्दै ज्ञान मुक्तिको खोजीमा हिँड्ने त्यागी मानिस ज्यादै कम हुन्थे । तर अहिले जोगी हुन सजिलो छ । केही दिनसम्म दारीलाई बढ्न छोडिदिनु पर्छ । किनकी जोगी नै दारी हो र दारी नै जोगी हो । बाँकी गेरुवा वस्त्र र दुई चार गेडा रुद्राक्ष न हो ! यसलाई पसलमा तत्क्षण किन्न पाइन्छ । तर जोगी हुनलाई चाहिने जति दारी फलाउनलाई केही दिन भने पनि धैर्य धारण गर्नुपर्छ । घरमा काम गर्नाको दुःखले जोगी भएका मानिसहरु पहिला पनि धेरै थिए । त्यस माथि सहकारी ठगले गर्दा अहिले जोगीको भिड् बढ्नुसम्म बढेको छ । गरिबीले ग्रस्त केही मानिसहरूले घरमा सारीघारीको दिग्दारीलो कच्याङ मच्याङले गर्दा दारी काट्ने जाँगर चलाइरहेका छैनन् । अहिले बन्न लागेको कानुनले त झन् जोगीको संख्या कति पो पुऱ्याउने हो ठेगान छैन ।

पाँच वर्षसम्म लुकेपछि मुद्दाबाट मुक्त हुने प्रावधानले ठगी र भ्रष्टाचारका कयौं नाईकेहरू पनि अनुहार छोप्न दारी बढाइरहेका छन् । अहिले जोगित्वले पनि व्यवसायको रुप लिएको छ । गेरुवा वस्त्र र रुद्राक्षको मालाले मात्रै असली जोगीको झलक दिँदैन । त्यसमाथि नक्कली नै भएपनि एक थान कोटेराको गुड् जस्तो दारी हल्लाउन सक्नुपर्छ । धर्म भन्दा धनतिर ध्यान र मानवसेवा भन्दा महिलातिर मन भएका जति सबै जोगी हुन थालेका छन् । किनकी जोगी भेष लिएपछि उसको नियतमा कसैले शङ्का गर्दैन र शङ्का गर्नु पनि दुष्ट पापिष्ट हुनु हो । दारीको उपादेयता सानोतिनो कहाँ छ र ?

धेरैजसो मानिसहरू दारीलाई ज्ञान र विज्ञताको प्रतिक ठान्दछन् । किनकि फोटो हेर्दा उनीहरुले विश्वभरीका महाज्ञानी दार्शनिक र वैज्ञानिकलाई दारीमा देखेका छन् । दारी हल्लाउन सके मस्तको महान् हुने सपना देखिरहेका मानिसहरू पनि धेरै छन् । त्यसैले मूर्खदेखि लिएर मूर्खाधिपति सम्मले पनि दारी बढाएका छन् । किनकी उनीहरूलाई ज्ञानी र विज्ञ कहलिने रहर पूरा गर्नुछ । तर दारीले मात्रै हुने भए आफ्नै आँगनमा टाट्ना वरिपरि खेलिरहेका बाख्रा नै काफि छन् नि । नभएको पैसा खर्च गरेर ठगिनका लागि बाबा महतारी खोज्दै टाढा टाढासम्म किन धाउनु पर्थ्यो ? दारीले मात्रै पुग्दैन, अलिअलि ठगी खान सक्ने बुद्धि पनि भुट्नुपर्छ । जसरी खुईलो तालुलाई अनुभवको प्रतिक मानिन्छ, त्यसैगरी दारीलाई ज्ञानको प्रतिक मान्ने फेसन पनि छ ।

थोत्रा कपी विद्यार्थीलाई सार्न लगाएर एउटा प्राध्यापकले दशकौंसम्म जसरी भत्ता तथा बेतन हजम गर्छ र यी तालु त्यसै खुईलिएको होइन भन्दै जागिरमा कटेका वर्ष गिन्ति गरेर कयौं तह प्रमोशन पनि गुटमुट्याउँछ । त्यसैगरी एउटा टपरटुईंया अर्धज्ञानीले पनि विद्वान् हुँ भन्दै फुलेर बसेका कैयौं मानिसलाई मुखमा मोहला लगाईदिन्छ । किनकी उसँग हल्लाउनका लागी एक थान बाक्लो दारी छ । जसले उसलाई ज्ञान नभए पनि ज्ञानवान बनाई दिन सक्छ । मन्दिरमा देउतालाई छाडेर देउतीतिर दर्शन गरेकै भरमा दारीले मानिसलाई दार्शनिक बनाई दिन सक्छ । त्यसैले दारीको बहुआयामिक महत्व छ । मानिसहरूले यसलाई देशी तेल र विदेशी जेल घसेर त्यसै स्याहार गरेका होइनन् । दारीले बनेको शास्त्रबाट दारी नै झिकी दियो भने त्यो शास्त्र अर्थ न बर्थको हुन्छ ।

आजकल दारी मानिस हो कि मानिस दारी हो, छुट्याउनै मुस्किल छ । कुनै कुनै दारीले पुरानो त्यागको रुप लिएर मानिसलाई आर्यघाटसम्म पनि मालदार पदको पान गराउँछ । चर्नका लागि उसलाई राष्ट्रिय सम्पत्तिको तिजोरीको प्रवेशद्वार खुल्ला हुन्छ । कुनै कुनै दारीले मानिसलाई जोगी, वैरागी, पाटीबासी वा रोडपति बनाउँछ भनी कुनैले मानिसलाई हजारौं करोडपति बनाउँछ, तर अर्जुन पराजुलीको दारीले न्यायप्रेमी जनताको भाषा बोलेको छ । गरिब, उत्पीडित जनताको धुकधुकी छामेको छ । राष्ट्रघाती भ्रष्टहरूको दोहोलो काडेको छ । अदम्य उत्साह, त्याग तथा आत्मविश्वासले भरपुर अनुहारमा झाँगिएको दारी देख्दा न्यायप्रेमी सङ्घर्षशील र सचेत सर्वहारा श्रमिकले आफ्ना आदरणीय नेता, गुरु तथा दार्शनिकलाई मनैदेखि सम्झिन्छन् । जसले संसारभरका श्रमिकलाई मुक्तिको मार्ग देखाएका छन् । त्यसैले दारी पनि हेर्नका हुने रहेछन् ।

दारीको चर्चा गर्दा मलाई पुरानो कुराको सम्झना आउँछ । त्यसबेला रात परेपछि हात्तीछाप चप्पल पड्काउँदै केही दारीधारीहरू मेरा दाजुलाई भेट्न आउँथे । खानापछि लाल्टिनको उज्यालोमा लामो समयसम्म कुराकानी गर्थे । उनीहरू को-को हुन् मलाई थाहा हुन्नथ्यो । किनकी उनीहरूले गर्ने कुराकानीको विषय थाहा पाउने मेरो उमेर भइसकेको थिएन । तर पछि गएर दाजुबाट थाहा भयो दारीधारी ती सबै ठूल-ठूला नेताहरू पो रहेछन् । त्यसबेला दलहरू प्रतिबन्धित थिए । नेताहरू धेरैजसो जेलमा । बाँकी रहेका भूमिगत । सांगठनिक र राजनैतिक गतिविधि भूमिगत रुपले हुन्थ्यो । घर वा जनताको कामले फुर्सद नपाएर होइन । उनीहरूले अनुहार छोप्नका लागि दारी बढाएका रहेछन् । कतिपय ती नेताहरू समातिए । कतिपय बेपत्ता पारिए, कतिपयले आफैंले तिरेको करले किनेको गोली पनि खाए । उनीहरूले गरेका त्याग र समर्पण तथा मोलेका जोखिमका लोमहर्षक कहानी सुन्दा मलाई वास्तविक भगवान यिनै हुन जस्तो लाग्थ्यो । दारीले जोगी बनाएको मैले पहिला पनि देखेको थिएँ तर यसले समर्पित नेता बनाएको मलाई त्यसै बेला थाहा भएको थियो । तिनै दारीहरू अहिले सरकारमा छन् । देश कसरी चलेको छ हेर्नुहोस् त ? के के न गर्लान् भनेको त करमारा, तरमारा, गरीबमारा, राष्ट्रमारा भ्रष्टचारीका संरक्षक पो भएछन् । दारीले कसै कसैलाई देश डुबाउने लाईसेन्स पनि दिँदो रहेछ । अहिले थाहा पाउँदा आफैं माथि रिस उठेर आउँछ ।

वि.पी. कोईरालाले आफ्नो नेतृत्वमा नेपाली कांग्रेसलाई पहिलो प्रतिनिधी सभाभित्र दुई तिहाई मत पुऱ्याइदिएका थिए । तर उनलाई काम गर्न दिइएन । प्रजातन्त्र खोसेर राजाले उनलाई जेल हाले । प्रजातान्त्रिक समाजवाद भन्दा भन्दै उनी ब्रम्हलिन भए । उनका असली चेला हौं भन्ने काँग्रेसीजनहरू प्रजातान्त्रिक सामाजवाद भनेर घाँटीका नसा फुलाउँदै छन् । प्रजातन्त्रको पुनःबहालीपछि जनताले लौन त हेरौं भन्दै पटक-पटक सिंहदरबार भित्र हुले । सबैभन्दा बढी समयसम्म सरकार चलाउँदा पनि उनीहरुले समाजवादको 'स' पनि दिन सकेनन् । कतिपटक त प्रजातन्त्रलाई नै सङ्कटमा पारे, किनकी यी सबै कर्ता काँग्रेस रहेछन् । जनताले कम्युनिष्टलाई पनि हेर्न खोजे, संसारमा कम्युनिष्टहरू घटिरहेका बेला जनताले उनीहरूलाई पनि पटक-पटक सिंहदरबार भित्र हुले तर उनीहरूले पनि जनवादको 'ज' र समाजवादको 'स' पनि दिन सकेनन् । सरकारमा कम्युनिष्ट पुग्दा पनि काम खोज्न विदेशतिर जानुपर्ने युवाहरूको सङ्ख्या झन्-झन् बढ्दैछ र भोक मार्नका लागि च्याउ खाएर मर्नुपर्ने अवस्था अझै विद्यमान छ । किनकी यी सबै दारी कम्प्युनिष्टहरू रहेछन् ।

दारी जुँगालाई ठीक-ठीक समयमा काटेर पनि देश र जनताको हितमा मर्न मिट्न पनि भ्याउने त्यागी महामानवहरुको सूची बनाउने हो भने इतिहासले धेरै नाम पस्किन सक्छ । मन्दिरभित्र धर्मका नाममा गरेका दुराचार, बलात्कार र अपराधमा दुर्नाम कमाएका कतिपय दारीधारी जोगीहरु पनि जेलमा जाँतो पिस्दैछन् । सबै समुदायमा हरेक खालका मानिसहरु हुन्छन् । तर डेढ अक्कलीहरु पनि हरेक समाजमा भेटिन्छन् । यहाँ पनि छन् । उनीहरुले अनौठो तर्क झिकेर सबैलाई तीनछक पारिदिन्छन् । सामान्यीकरण गर्दै उनीहरुले दुधलाई चुलेसी बनाएर तरकारी काटि दिन्छन् । किन कि दुध बकुल्ला जस्तो सेतो हुन्छ र बकुल्लाको आकार चुलेसी जस्तो हुन्छ । त्यसैले दुध नै चुलेसी हो र चुलेसी नै दुध हो भन्ने उनीहरुको तर्कलाई कसले जवाफ दिन्छ ? उनीहरुले दारीधारी सबैलाई त्यागी र दारीबिहीन सबैलाई स्वार्थी भनिदिन्छन् । यही विश्वासलाई व्यापक बनाएर ठगहरुले कार्यव्यापारलाई अगाडि बढाउँछन् । दारीको बहुआयामिक महत्व छ । त्यागी, जोगी, रोगी, भोगी, वैरागी, कवि सबैलाई कुनै न कुनै बेला चाहिने दारीलाई झिकी दिने हो भने अर्थको शास्त्रले मात्रै होइन अर्थतन्त्रले पनि दम तोड्छ । त्यसैले एक स्वरले भनौं 'जय दारी, जय अर्थशास्त्र' ।

# लागुऔषध चरेशसहित २ जना पक्राउ




*लागुऔषध चरेशसहित पक्राउ परेकालाई सार्वजनिक गर्दै प्रहरी ।*

समाज संवाददाता

हेटौँडाः लागुऔषध चरेशसहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ ६ बजेर ५५ मिनेटको समयमा हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट प्रहरीले धादिङ जिल्लाको गजुरी गाउँपालिका-८ का ४२ वर्षीय केदार तामाङ र ३६ वर्षीय सुकमान तामाङलाई प्रहरीले १४ किलो चरेशसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीले सुरक्षाजाँच गर्ने क्रममा हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख ६०६१ नम्बरको यात्रुबसबाट केदार र सुकमानलाई चरेशसहित पक्राउ गरेको हो । मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिई प्रहरीले उनीहरुलाई हिरासतमै राखेर अनुसन्धान गरिरहेको जनाएको छ ।

# प्रदेश सभा सदस्य जेल चलान

काठमाडौंः लुम्बिनी प्रदेशसभा सदस्य धनबहादुर केसी कारागार चलान भएका छन् । ३३ वर्ष पुरानो मुद्दामा दोषी ठहरिएका सांसद केसीले आइतबार रुकुम पूर्व जिल्ला अदालत पुगेर आत्मसर्मण गरेका हुन् । उनलाई आइतबार नै कारागार चलान गरिएको रुकुम पूर्वका डीएसपी माधव खरेलले जाकारी दिए ।

३३ वर्ष पहिले धनबहादुरलाई रुकुम जिल्ला अदालतले कीर्ते मुद्दामा दोषी ठहर गर्दै एक वर्ष कैद र दुई हजार जरिवानाको फैसला सुनाएको थियो । श्रीमतीसँगको अंश मुद्दामा प्रदेश सांसद केसीले कीर्ते गरेको अभियोगमा साविक रुकुम जिल्ला अदालतले उनलाई २०४८ साल असार ९ गते दोषी ठहर गरेको थियो । अदालतले एक वर्ष कैद र दुई हजार जरिवानाको फैसला सुनाएको थियो । तर केसीले सजाय भुक्तान गरेका थिएनन् । लामो समयदेखि प्रहरीको फरार सूचीमा भए पनि उनी पक्राउ परेका थिएनन् । उनी गत निर्वाचनमा केसी नेपाली कांग्रेसको तर्फबाट रुकुम पूर्वको प्रदेशसभा क्षेत्र नं १ बाट निर्वाचित भएका थिए । *स्रोतः अनलाइनखबर ।*

# चेक अनादरमा २ वर्षसम्म कैद सजायको सहमति

काठमाडौंः चेक अनादर मुद्दामा दुई वर्षसम्म कैद सजाय गर्ने कानुनी व्यवस्था गर्न सांसदहरु सहमत भएका छन् । बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि अर्थ समितिमा आइतबार भएको दफावार छलफलमा चेक अनादर मुद्दामा दोषी ठहर भए एक महिनादेखि दुई वर्षसम्म कैद सजाय गर्ने व्यवस्था राख्ने सहमति भएको हो ।

समिति सभापति सन्तोष चालिसेले चेक अनादर प्रमाणित भएमा पाँच प्रतिशत जरिवानासहित एक महिनादेखि अधिकतम दुई वर्षसम्म कैद सजाय व्यवस्था गर्ने विषय सर्वसम्मतिले पास भएको जानकारी दिए । उनका अनुसार १५ लाख रुपैयाँसम्मको चेक अनादरमा एक महिना, ५० लाखसम्ममा तीन महिना, एक करोडसम्म एक वर्ष र एक करोड रुपैयाँ भन्दा माथिको चेक अनादर प्रमाणित भए दुई वर्षको कैद सजाय हुनेछ ।

त्यसअघि छलफलमा सहभागी उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले चेक अनादरको प्रवृत्ति बढ्दै गएको भन्दै यसलाई नियन्त्रण र निरुत्साहित गर्न जरुरी रहेको बताएका थिए ।

साथै उनले विधेयकको दफावार छलफलबाट आउने निष्कर्षलाई सरकारले स्वीकार गर्ने उल्लेख गरेका थिए ।

*स्रोतः अनलाइनखबर ।*

## संजिवनी बचत तथा ऋण सहकारी संस्था लि.

हेटौँडा-५, पिप्ले, मकवानपुर

## २३औं वार्षिक साधारणसभामा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८१।०५।०६ गते बिहीबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २३औं वार्षिक साधारण सभा तपसिल बमोजिम गर्ने भएकोले तोकिए अनुसार शेयर सदस्यज्यूहरुको सक्रिय सहभागिताका लागि हार्दिक आमन्त्रण गर्दछौँ ।

**कार्यक्रम :-**

मिति : २०८१।०६।१२
समय : विहान १०:०० बजे
स्थान : बाल कुमारी पार्टि प्यालेस, हेटौँडा-५, पिप्ले ।

**साधारण सभामा छलफलका विषयहरू**

१) साधारणसभाको वैधानिकता सम्बन्धमा ।
२) उपस्थिति एवम् निर्णय प्रमाणित प्रतिनिधि चयन सम्बन्धमा ।
३) संचालक समितिको तर्फबाट अध्यक्षको भनाईसहित प्रतिवेदन सम्बन्धमा ।
४) सचिवद्वारा प्रस्तुत संस्थागत र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
५) वार्षिक प्रतिवेदन तथा वार्षिक अनूमानित वजेट सहितको कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
६) आ.व. २०८०।०८१ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
७) आ.व. २०८०।०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनूमोदन सम्बन्धमा ।
८) आ.व. २०८१/०८२ को लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
९) लाभांस, बोनस तथा संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा ।
१०) सम्मान पुरस्कार वितरण सम्बन्धमा ।
११) संचालक समितिबाट पारित नीति तथा कार्यविधि अनुमोदन सम्बन्धमा ।
१२) बाहय ऋण सम्बन्धमा ।
१३) व्याज छुट तथा मिनाहा सम्बन्धमा ।
१४) विविध

**विनोद कुमार पुडासैनी**
**सचिव**



पञ्चमी स्नानः ऋषिपञ्चमीका दिन आइतबार बिहान राप्ती नदिमा स्नान गरेर पुजा गर्दै एक श्रद्धालु । पञ्चमीस्नानसँगै तीज पर्व सकिएको छ ।

## सूचना !! सूचना !! सूचना !!!

यस प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालमा मिति २०८१/०५/१६ गते आईतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहायः**

१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म ।
३. E.H.S ओ.पि.डी मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसूति रोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नशा तथा हाडजोर्नी रोग ओ.पि.डी.
- अन्य
- भिडीयो X-ray सेवा
- प्याथोलोजी सेवा

४. E.H.S ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन ।

**पुनश्च**ः सार्वजनिक बिदाको दिनहरुमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन ।

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**हेटौंडा, मकवानपुर**

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## युगकवि मोतीराम भट्ट



**सभ्यता कुँवर**

छ वर्षको उमेरमा पढ्न काशी गए
थुप्रै कथा, कविता लेखी युगकवि भए ॥

वि.सं. १९२३ भाद्र २५ गते जन्मियौ
युगकवि भई तिमीले महान् काम गर्‍यौ ॥

भारत गई संस्कृत र फारसी भाषा सिक्यौ
नेपाली भाषामा थुप्रै गीत, गजल र कविता लेख्यौ ॥

जन्म भयो तिम्रो कुशे औंशीको दिन
भगवानले पनि राम्रो मान्छेलाई छिटै लाने किन ॥

थुप्रै गीत, गजल र कविता लेखी युगकवि भए
तीस वर्षको उमेरमा उनले हामीलाई छोडी गए ॥

सभ्यता कुँवर
कक्षा-७

## कवि मोतिराम भट्ट



**अमेश्का मैनाली**

मिति १९२३ भाद्र २५ गते जन्मेका
मिठा–मिठा कविता लेखी नेपाली मनमा बसेका ॥

पिताको नाम थियो उनको दयाराम
विश्वभरि प्रसिद्ध बनाए आफ्नो नाम ॥


रिपुमर्दिनीको कोखबाट जन्म लिएर
प्रसिद्ध बनाए नेपाललाई असल काम गरेर ॥

उनले भानुभक्तको 'रामायण' र अरु कविता छपाए
भानुभक्त हाम्रा ठूला कवि हुन् भनेर चिनाए ॥

भानुभक्तलाई सबै माझ प्रसिद्ध बनाए
पछि गएर गीत, कविता लेख्न सबैलाई सिकाए ॥

*कक्षा-७*

## चित्रकला





**आहाना न्यौपाने**
**कक्षा-४**

# रोटरी भेट्रान्स फुटबल प्रतियोगिता आजबाट



समाज संवाददाता

हेटौंडा: जलन उपचार केन्द्र स्थापनाका लागि सहयोग जुटाउने उद्देश्यले रोटरी क्लब अफ मकवानपुरले आयोजना गरेको भेट्रान्स फुटबल प्रतियोगिता आज सोमबारबाट सुरु हुँदैछ । तेस्रो संस्करणको भेट्रान्स फुटबल प्रतियोगितामा १५ टिमको सहभागिता रहने छ । आइतबार पत्रकार सम्मेलन गरेर प्रतियोगिताको तयारी पूरा भएको आयोजकले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा साविक विजेता चितवन भेट्रान्स र नागस्वती भेट्रान्स हेटौंडा भिड्नेछ । प्रतियोगितामा चितवन र नागस्वतीसहित हेटौंडा भेट्रान्स क्लब, आयोजकको रोटरी पिप्ले भेट्रान्स, सिमरा भेट्रान्स, नव जनजागृति भेट्रान्स सिमरा, वीरगञ्ज एकेडेमी भेट्रान्स, युनिटी भेट्रान्स वीरगञ्ज, निजगढ भेट्रान्स, हरिवन भेट्रान्स, पुर्वेली भेट्रान्स क्लव झापा, एस.एन.के.सी काठमाडौं, फ्रिडम फाइटर काठमाडौं, अभिषेक चर्च नवलपरासी र पोखरा भेट्रान्सको सहभागिता रहेको छ ।

४० वर्षदेखि माथि उमेर समूहका खेलाडीहरुले सहभागिता जनाउन पाउने प्रतियोगिता ११ ए साइडको हुनेछ । यसअघि २०७२ र २०७३ सालमा खेल आयोजना गरेको रोटरीले लामो समयपछि फेरि प्रतियोगितालाई निरन्तरता दिन लागेको हो । भदौ ३१ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले २ लाख २ हजार २२२ रुपैयाँ र उपविजेताले एकलाख १ हजार १११ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको उत्कृष्ट प्रशिक्षकले १० हजार प्राप्त गर्नेछन् भने उत्कृष्ट खेलाडी, गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र फरवार्डले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्ने रोटरी क्लव अफ मकवानपुरका अध्यक्ष अनिल अग्रवालले जानकारी दिनुभएको छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानीको क्षेत्रमा कार्य गर्दै आएको रोटरीले खेलकुदको क्षेत्रमा समेत काम गरिरहेको छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगितालाई आगामी वर्ष पनि निरन्तरता दिँदै जाने लक्ष्य रहेको खेल संयोजक मोहनप्रसाद ढकालले बताउनुभएको छ । रोटरी क्लव अफ मकवानपुरको आयोजनामा हुन लागेको प्रतियोगितामा पिप्ले युवा क्लव सहआयोजक र रोट्र्याक्ट क्लब अफ मकवानपुरको सहकार्य रहनेछ । प्रतियोगिताका लागि करिब १६ लाख १८ हजार रुपैयाँ खर्च हुने अनुमान रहेको आयोजकको भनाई छ । पहिलो र दोस्रो संस्करणको उपाधि चितवन भेट्रान्स क्लब चितवनले जितेको थियो ।

## मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता

# हाँडीखोला र एफसी पोताला विजयी

समाज संवाददाता

हेटौंडा: हेटौंडामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत आइतबारको खेलमा हाँडीखोला र एफसी पोताला विजयी भएको छ । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको खेलमा प्रतिभा युवा क्लबलाई हाँडीखोलाले १-० गोल अन्तरले पराजित गरेको हो ।

सिमलटारमा भएको खेलमा सक्षम युवा क्लबलाई एफसी पोतालाले ५-१ गोल अन्तरले पराजित गरेको छ । हाँडीखोलाको जीतमा उत्सव खड्काले निर्णायक गोल गरे । एफसी पोतालाको जीतमा अनुप राना मगरले २ गोल, दावा लामाले १, प्रितम स्याङ्बोले १ र आशीष लामाले १ गोल गरेका छन् । यता सक्षम युवाबाट हेसरन मगरले मात्र गोल गरेका हुन् ।

गौरीटार रंगशालामा भएको युनाइनेट नाइन र सहिद स्मृतिबीचको खेल भने एक-एक गोलको बराबरीमा रोकिएको छ । युनाइटेन नाइनले उपहारस्वरुप एक गोल आत्मघाति गोल प्राप्त गरेको छ । सिमलटारमाभ भएको पशुपति युवा क्लब र प्रगतिशील युवा क्लबबीचको खेल ३-२ गोल अन्तरमा स्थगित भएको छ । खेल सञ्चालनको क्रममा रात परेका कारण खेल स्थगित भएको हो ।

खेलको म्यान अफ द म्याच एफसी पोतालबाट अनुप राना मगर र हाँडीखोलबाट उत्सव खड्का घोषित भएका छन्। मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा २८ वटा क्लबहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। लिगको विजेता टिमले प्रदेशस्तरीय लिगमा सहभागी हुन पाउनेछ ।







# कक्षा-१२ को पूरक परीक्षा भोलिदेखि

समाज संवाददाता

हेटौंडा: कक्षा-१२ को पूरक (ग्रेडवृद्धि) परीक्षा भोलि मंगलबारबाट सुरु हुँदैछ । दुई दिन हुने परीक्षामा मकवानपुर जिल्लाबाट करिब २ हजार विद्यार्थी सहभागी हुने भएका छन् ।

बिहान ११ बजेदेखि २ बजेसम्म सञ्चालन हुने परीक्षामा १ हजार ९ सय ४९ जना परीक्षार्थी सहभागी हुन लागेको राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाका सूचना अधिकारी जयप्रकाश कुशवाहाले जानकारी दिनुभएको छ । मकवानपुरमा पूरक परीक्षाका लागि ५ वटा केन्द्र निर्धारण गरिएको छ । परीक्षाका लागि हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र हेटौंडा-४ स्थित हेटौंडा क्याम्पस गरी ५ वटा परीक्षा केन्द्र निर्धारण गरेको उहाँले बताउनुभयो ।


फाईल तस्वीर

एक विषयको परीक्षामा मात्र सहभागी हुने परीक्षार्थीले जुनसुकै विषय भए पनि परीक्षा सञ्चालन भएको पहिलो दिनको परीक्षामा सहभागी हुनुपर्ने उहाँले बताउनुभयो । अनिवार्य अंग्रेजी (००४१) विषयमा परीक्षामा सहभागी हुने परीक्षार्थीहरूको परीक्षा पहिलो दिनमात्र सञ्चालन हुने उहाँले बताउनुभयो । दुई विषयमा परीक्षा दिने परीक्षार्थीले आफूले परीक्षा दिने सानो कोड नम्बर भएको विषयमा पहिलो दिन परीक्षा दिनुपर्ने हुन्छ । अनिवार्य नेपाली (००२१) र अनिवार्य अंग्रेजी (००४१) दुबै विषयमा परीक्षा दिने परीक्षार्थीको हकमा सानो कोड ००२१ भएतापनि पहिलो दिन ००४१ विषयको परीक्षा दिनुपर्ने उहाँको भनाइ छ ।

तोकिएको समयमा परीक्षामा उपस्थित नहुने विद्यार्थीले अर्को परीक्षामा सहभागी हुन नपाउने उहाँले बताउनुभयो । सूचना अधिकारी कुशवाहाका अनुसार परीक्षाको समयमा कुनै प्रकारको आकस्मिक बिदा पर्न गएमा समेत परीक्षा नियन्त्रण कार्यालयको पूर्वसूचना बिना परीक्षा स्थगित नगरिने उहाँले बताउनुभयो ।

यस वर्षको कक्षा १२ को परीक्षामा मकवानपुरबाट ५३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । राष्ट्रिय परीक्षा बोर्डले ५३ दशमलब ५९ विद्यार्थी उत्तीर्ण भएको जनाएको छ । बैशाख १४ गतेबाट सुरु भएको कक्षा-१२ को परीक्षामा मकवानपुरबाट नियमितर्फ ५ हजार ६ सय ९ जना विद्यार्थीहरु सहभागी भएका थिए । सहभागी भएकामध्ये २ हजार ९ सय ५० जना विद्यार्थी परीक्षामा उत्तीर्ण हुन सफल भएका थिए भने अनुत्तीर्ण हुनेको संख्या २ हजार ६ सय ५९ रहेको थियो । जसअन्तर्गत ४७ दशमलब ४१ प्रतिशत विद्यार्थी अनुत्तीर्णमा परेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ